मितिः २०८३।१।२९

समयः दिनको १४:०० बजे

**बैठक नं. ०९/२०८२/०८३**

आज मिति २०८३ बैशाख २९ गते मंगलबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी तपशिल अनुसारका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम,थर | पद | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री बिपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | ९८४२९९९३३४ | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | ९८४२८१५१६३ | |
| ७ | श्री महलसिं राई | वडा अध्यक्ष (वडा नं. ५) | ९८४२९०४६६२ | |
| ८ | श्री सिद्धिमनि कुलुङ | कार्यपालिका सदस्य | ९८६२३१३८३५ | |
| ९ | श्री सिता माया वि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | |
| ११ | श्री निर कुमारी कुलुङ | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री खरिधन राई | सदस्य-सचिव | | |

**प्रस्ताव तथा निर्णयहरु**

| नि.नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | विपद जोखिम नक्सांकनको प्रारम्भिक छलफल सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको विपद प्रतिकार्य योजना तथा विपद नक्सांकन कार्यको लागि प्रारम्भिक छलफल गरियो । साथै विपद जोखिम नक्सांकनको कार्य प्रारम्भ गर्ने निर्णय गरियो । |
| २. | विपद सामाग्री खरिद गर्ने सम्बन्धमा । | लगायतका विपद जोखिम न्यूनीकरण तथा उद्दारका सामाग्री खरिद गरी गाउँपालिकामा मौज्दात राख्ने तथा बुङ प्रहरी चौकी र छेस्काम प्रहरी चौकीलाई समेत हस्तान्तरण गर्ने निर्णय पारित गरियो ।<br>आवश्यक सामाग्रीहरु<br>१) डोरी<br>२) वाल्टी<br>३) वेल्चा<br>४) गैटी<br>५) हेलमेट<br>६) त्रिपाल आदि । |

बैठक नं. ०९/२०८२/०८३

| | | |
|---|---|---|
| ३. | राहत सामाग्री वितरणका लागि खरिद सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको क्षेत्रमा पर्न सक्ने प्राकृतिक प्रकोपबाट पिडितहरुलाई वितरण गर्ने प्रयोजनको लागि कुकर, भाडाकुडाँ, त्रिपाल, म्याट्रेसहरु, सिरक, डस्ना लगायतका सामाग्री खरिद गरी मौज्दात राख्ने निर्णय गरियो । |
| ४. | प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन सम्बन्धमा । | यसै महाकुलुङ गाउँपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२।१२।१९ को सरुवाबाट यस कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा शाखा अधिकृत श्री रमण खड्कालाई कामकाजमा खटाइएको निर्णयको स्वागत गर्दै हाल आर्थिक वर्षको अन्त्य हुन जेठ महिना र असार महिना मात्र बाँकी रहेको अवस्थामा कार्यालयको कामकाज तथा भुक्तानीमा नयाँपन आउने, अघिल्लो समयमा भएका निर्णयहरुको कार्यान्वयनमा ढिलाई तथा दुविधा हुन सक्ने लगायतका समन्वयका कार्यमा पर्न सक्ने असुविधाको ख्याल गर्दै शाखा अधिकृत श्री रमण खड्का ज्यूलाई हालको लागि अन्य कार्यालयमा व्यवस्थापन गर्न साथै हाल प्रमुख प्रशासकीय अधिकृतको पदमा कार्यरत प्रशासन सेवा, अधिकृत स्तर आठौं तहका कर्मचारी श्री खरिधन राई (कर्मचारी संकेत नं. २११५९२) लाई निरन्तरता दिने व्यवस्थाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो । |
| ५. | कर्मचारी व्यवस्थापन सम्बन्धमा । | यस महाकुलुङ गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई देहाय वमोजिम पदस्थापन/सरुवा गर्ने निर्णय गरियो ।<br>१) चिरञ्जिवी आचार्य (सहायक पाचौं) — वडा नं. ५<br>२) सुशिला आचार्य (सहायक पाचौं) — महाकुलुङ आधारभुत अस्पताल ।<br>३) मो. सलाउदिन (सहायक चौथो) — वडा नं. ३ |
| ६. | महिला जनजाति भवनमा संचालनमा रहेको योजना परिमार्जन गर्ने सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाको चालु आवमा स्वीकृत वजेट, योजना अनुसार महाकुलुङ गाउँपालिका १ मा रहेको महिला जनजाति भवनमा शौचालय निर्माण शिर्षकमा विनियोजित वजेटबाट प्राविधिक लागत स्टिमेट गर्दा शौचालय निर्माण गरेर पनि रकम बाँकी रहने हुनाले सोही वजेट/ योजनाभित्र महिला जनजाति भवन रंगरोगन, प्लाष्टर र फर्निचर निर्माण गर्ने कार्य थप गर्ने निर्णय पारित गरियो । |
| ७ | योजनाको स्टिमेट परिवर्तन गर्ने सम्बन्धमा । | महाकुलुङ गाउँपालिका वडा नं. २ मा संचालन भई रहेको पेल्माङ खानेपानी एक घर एक धारा निर्माण शिर्षकमा विनियोजित वजेट रु. ४० लाख बाट अन्य सामाग्री खरिदमा मूल्य अत्याधिक वृद्धि भएको साथै पाईप खरिदमा उच्च मूल्य वृद्धि हुँदा पाइप खरिद गर्न नसकिने भनी निवेदन भएकोमा सो योजनाको निवेदन अनुसार प्राविधिक लागत अनुमान परिवर्तन गरी सम्भव हुने कार्य गर्ने गराउने निर्णय गरियो । |

महाकुलुङ गाउँपालिका

मिति: २०८३।१।२९

समय: दिनको १४:०० बजे

बैठक नं. ०९/२०८२/०८३

| | | |
|---|---|---|
| ८ | वजेट रकमान्तर सम्बन्धमा | वडा नं. २ अन्तर्गतको वजेट विद्यार्थीसँग कृषि कार्यक्रम शिर्षकमा रकमान्तर गरिएकोमा सो वजेट रु. १ लाखबाट ल्यापटप खरिद शीर्षकमा रकमान्तर गरी वजेट रकम खर्च गर्ने गर्ने निर्णय गरियो । |
| ९ | वजेट शिर्षक परिवर्तन सम्बन्धमा | वडा नं. ५ को रेम्सिदो देउराली बिउलु, बाफुदो तिनला बोखोलामसम्म सडक सोलिङ सहितको कृषि सडक विस्तार शिर्षकमा विनियोजित वजेट रु. ७ लाखलाई खेउ खोल्सा वडा नं. ५ सडक सोलिङ तथा स्तरोन्नति शिर्षकमा वजेट रकमान्तर गरी योजना सम्झौता गरी कार्य संचालन गर्ने निर्णय गरियो । |

महाकुलुङ गाउँपालिका